**Nepalese Culture**
**Vol. 16 : 39-52, 2023**
**Central Department of NeHCA,**
**Tribhuvan University, Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/nc.v16i1.54126**

# यन्त्र संस्कृति र पशुपतिक्षेत्रका श्रीयन्त्रः एक विवेचना
# An Analytical Study of Yantra Culture and Shreeyantras of Pashupatinath Kshetra

**डा. निर्मला पोखरेल**
उपप्राध्यापक, संस्कृति विभाग, त्रि.वि
nirmala.pokharel33@gmail.com

## Abstract

*Deities have been worshipped in form of various Yantra (Symbolic Swaroopa or forms). It has gained great favor among Tantric deities. The Yantra( Symbols) have been given great value and importance. Different deities have had different Yantra (Symbols), in fact, one deity may possess on basis of different Dhyana (posture) and mantra (chanting) yantra (symbols) may also differ. In some places, both images and yantra symbols are installed in one place. Mantra (religious chanting), Tantra (magic), and Yantra (Symbolic swaroopa or forms) are related to one another. First comes the Mantra or chanting, then the tantra and last of all is the yantra. The mantra is chanted covertly, and the tantra is overtly displayed while the yantra is the symbolic fetish or place where the mantra and tantra are given a place to reside in a symbolic form. Therefore Yantra (symbolic swaroopa or form) is just like a laboratory where deities are placed. In the Sacred texts, it has been written that body and soul (Atma) is one; likewise, yantra and deities are also one. The Yantra (symbolic form) has a mantra (sacred chanting) and the mantra is deities themselves have been mentioned. Even the human body is a yantra (symbolic swaroopa or forms). Our physical behavior is Tantra and the 'inner thinking' is the mantra. Therefore, the body is considered as the yantra (symbolic swroopa or form). Yantra is made up of different materials, the making of Yantra differs and the blessings obtained vary. Among the yantras the "Shri Yantra" is considered the very important yantra, it is also known as "ShriChakra", "Shri Vidhya", or the YantraRaj. On this yantra deity, Shri Tripurasundari is worshipped. Within Pashupatinath Chetra or complex, there are "ShriYantra" as well as other yantras. Shri Yantra is on the Eshan Bhagh (upper part) of Shiva linga, on the Gajur or pinnacle, and on the Dwaja or Chadawa (hanging ornamented cloths or metal) one can see it. ShriYantra*

*exists here permanently but everyday temporary yantras are made on the Eshan Bhagh of Pashupatinath and on the full-moon day when "Pashupati Maha-Snan" takes place on the western side of the "Mountain of Rice" and on the Southern side of the stairs of the Silver Doorway, the main priest or the Bhatta will clean the area with cow dung and prepare a yantra based on sacred mantra and tantra and on it, the worship is conducted. Here one can see many permanent yantras based on tantric mantras.*

***Keywords:*** Yantra, Tantra, Mantra, Shri-Yantra, Tripurasundari.

## लेखसार

*देवीदेवतालाई विविध यन्त्र स्वरूपमा पूजाआजा र आस्था प्रकट गर्ने परम्परा अत्यन्त प्राचीन परम्परा हो । विशेष गरेर तान्त्रिक देवीदेवतालाई यन्त्ररूपमा पूजा गरिन्छ र यन्त्रलाई पूजनको विशेष आधार वा अधिष्ठान मानिन्छ । प्रत्येक देवी-देवताका अलग-अलग यन्त्र हुनका साथै एउटै देवताका पनि ध्यान र मन्त्र भेदका कारण अलग-अलग यन्त्र हुने गर्दछन् । कहीं-कहीं यन्त्र र मूर्ति दुवै सँगैपनि स्थापना गरिन्छ । मन्त्र, तन्त्र र यन्त्रको एकअर्कामा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ जुन क्रमशः यसप्रकार रहेको हुन्छः सर्वप्रथम मन्त्र, त्यसपछि तन्त्र र अन्त्यमा यन्त्र । मन्त्र मनमामात्र उच्चारण गर्ने व्यक्त गर्न नहुने, तन्त्र मनभित्रको मन्त्रलाई तन (शरीर)को माध्यमले बाहिर प्रस्तुत गर्ने र यन्त्र वाहिर ल्याएको मन्त्रलाई राख्ने स्थान हो । यसप्रकार यन्त्र एक प्रयोगशाला जस्तै हो जहाँ देवताहरू अधिष्ठित हुन्छन् । शास्त्रहरूमा शरीर र आत्मा अभिन्न भएजस्तै यन्त्र र देवता पनि अभिन्न छन् र यन्त्र मन्त्रमय हुन्छ र मन्त्र देवतास्वरूप हुन्छ भनिएको पाइन्छ । यसरी नै मानव शरीरलाई पनि एक यन्त्रका रूपमा हेरिन्छ जहाँ शरीरको व्यवहारलाई तन्त्र र शरीरमा बसेर पलाउने विचारलाई मन्त्र मान्दै शरीरलाई एक यन्त्रका रूपमा लिइएको हो । यन्त्र विविध वस्तुहरूबाट निर्माण गरिएको हुन्छ र निर्माणका विधिहरू पनि फरक-फरक रहेका हुन्छन् भने प्राप्त हुने फल पनि अलग-अलग हुन्छन् । विविध यन्त्रहरू मध्ये श्रीयन्त्र पनि एक हो जसलाई श्रीचक्र, श्रीविद्या र यन्त्रराज पनि भनिन्छ र यस यन्त्रमा त्रिपुरासुन्दरीको उपासना गरिन्छ । पशुपतिक्षेत्रमा श्रीयन्त्र लगायत अन्य यन्त्रहरू पनि प्रशस्त रहेका छन् । यहाँ श्रीयन्त्र पशुपतिनाथको ईशान भागमा, जमिनमा, मन्दिरको गजुरमा, देवता माथि टाँगिएको चँदुवा आदिमा रहेका पाइन्छन् । यहाँ स्थायी रूपमा बनाएका श्रीयन्त्र वाहेक अस्थायी रूपमा प्रत्येक दिन पशुपतिनाथको ईशान भागमा र प्रत्येक पूर्मिमाका दिन गरिने पशुपतिनाथको महास्नानको क्रममा चढाइने भुजाको रासको पश्चिमी पाटोमा र सोही अवसरमा मन्दिरको दक्षिणी ढोकातर्फको सिँढीमा मूलभट्टले गोबरले लिपेर यसमाथि श्रीयन्त्र बनाई तान्त्रिक विधिले पूजा गर्दछन् । यहाँ अरू स्थायी रूपमा बनेका यन्त्रहरू मन्दिर लगायत बिभिन्न क्षेत्रहरूमा यत्र-तत्र निर्माण गरिएका छन् ।*

**शब्दकुञ्जी** : यन्त्र, तन्त्र, मन्त्र, श्रीयन्त्र, श्रीविद्या

## परिचय

ईश्वर सर्वव्यापी भएतापनि उनलाई आराधना गर्न विशेष स्थल वा अखडा बनाईन्छ जुन आ-आफ्ना मत अनुसार मन्दिर, चैत्य, गुम्वा, गिरजा, मस्जिद आदि हुन सक्तछन् । त्यसैगरी देवी-देवताहरूलाई विभिन्न स्वरूप र वस्तुहरूमा कल्पना गरेर पूजाआजा र आस्था प्रकट गरिने परम्परा प्राचीन समयदेखि रहँदै आएको छ । त्यस्ता वस्तुहरूमा कलश, साधासिलाखण्ड, विभिन्न आकृतिका प्वालहरू, चित्र, जलकुण्ड, लिङ्गो, खट, यूप (मौलो), कमलाकृति, रेखाचित्र आदि लगायत सीधै प्राकृतिक वस्तुहरू भन्नाले प्राकृतिक चट्टान, भूमि, सूर्य, चन्द्र, रुख-विरुवा, जलको मुहान, नदी, ताल, पोखरी, ढिस्को, पंक्षी, जनावर, मानव, चट्टान आदि पर्दछन् । तन्त्रहरूमा भने देव-पूजनका दशवटा स्थानहरू कल्पना गरिएका छन् यिनमा शिवलिङ्ग, मणि, यन्त्र, शालग्राम, घट (कलश), रवि (सूर्य), स्थण्डिल (सतहभन्दा केही ऊँचा उठाएर बनाईएको वेदी वा मञ्च), अग्नि (आगो), मूर्धा (शिर) र हृदय पर्दछन् । यिनीहरूमध्ये यन्त्रलाई पूजनको विशेष आधार वा अधिष्ठान मानिन्छ र यसैभित्र श्रीचक्र पनि पर्दछ । विषेश गरेर उग्र तान्त्रिक देवीहरूलाई विविध यन्त्र स्वरूपमा पूजाआजा र आस्था प्रकट गर्ने प्रावधान रहेको पाइन्छ । प्रत्येक देवी-देवताका अलग-अलग यन्त्र हुनका साथै एउटै देवताका पनि ध्यान र मन्त्र भेदका कारण अलग-अलग यन्त्र हुने गर्दछन् । कहीं-कहीं यन्त्र र मूर्ति दुवै सँगैपनि स्थापना गरिन्छ ।

भारतीय धार्मिक परम्परामा मातृदेवीहरूलाई ई.पू.छैटौं शताब्दी देखि स्पष्ट रूपमा यन्त्र स्वरूपमा पूजा गरिएको पाइन्छ । उक्त समयमा मातृपूजाको प्रतिकात्मक चिन्ह यन्त्र प्रसिद्ध भैसकेको कुरा तात्कालीन समयका प्राप्त भएका गोलाकार चक्कारूपी यन्त्रबाट प्रमाणित हुन्छ (अग्रवाल, १९९५, पृ ९५) । यी चक्काहरूमा विभिन्न जनावर, मानव आकृति, फुलबुट्टा, वृक्ष, ज्यामितीय रेखा आदि अत्यन्त सुन्दर ढंगमा कोरिएका छन् र यी सबै आकृतिहरू देवीसँग सम्बन्धित मानिन्छन् । भारतको पाटलीपुत्रको मुर्तजीगंजमा पाईएका ई.पू.छैटौं शताब्दी देखिका दर्जनौं यन्त्रहरूमा ऋग्वेदको श्रीसूक्त (ऋग्वेदको पाँचौं मण्डलको अन्त्यमा) मा गरिएको देवीको वर्णन अनुसारका लक्षण भएका चित्रहरू अंकित गरिएका छन् साथै उक्त कालमा विशेष गरेर श्रीदेवीको पूजा मानवीय स्वरूप र यन्त्र स्वरूप दुवैमा गरिएको पाइन्छ (उही पृ ९५) । यसबाट ऋग्वैदिक कालदेखि नै मातृपूजा प्रतिकात्मक चिन्ह अर्थात् यन्त्रमा पनि गरिने गरिएको स्पष्ट बुझिन्छ । वास्तवमा पूजा परम्पराको धार्मिक दर्शन केलाउँदा सर्वप्रथम प्रकृतिपुजक र मातृत्वपुजक शाक्तदर्शन प्रचलनमा आएको पाइन्छ । लिङ्गायत भावधारामा शिवको विम्व बन्नु अघि तान्त्रिक विम्व त्रिकोण, षट्कोण र वेदी बिन्यास भैसकेका थिए र यस्तो विम्व स्वरूप यन्त्र पुजनको प्राचीन परम्परालाई नै पछि वैदिक तन्त्र परम्पराले पनि अँगालेको मानिन्छ । यसपछि विस्तारै-विस्तारै यन्त्र परम्परा तान्त्रिक-शाक्तदर्शनमा विशेष घुलमिल भएर देवीहरूको प्रतिकको रूपमा स्थापित हुँदगयो र यो परम्पराले हालसम्म पनि निरन्तरता पाई नै रहेको छ । परिणाम स्वरूप यन्त्ररूपमा देवी र देवता दुबै निर्माण गरिने भएतापनि विशेष गरेर देवीहरू निर्माण गर्ने गरिएको पाइन्छ । यद्धपि सम्पूर्ण देवताहरूको पूजा यन्त्रमा नै गर्नु उचित मानिन्छ । शास्त्रहरूमा शरीर र आत्मा अभिन्न भएजस्तै यन्त्र र देवता पनि अभिन्न छन् र यन्त्र मन्त्रमय हुन्छ र मन्त्र देवतास्वरूप हुन्छ भनिएको पाइन्छ ।

शक्ति पीठहरूमा रहस्यमय चित्रहरूको रूपमा **यन्त्र, योगिनी चक्र, मण्डल** र **दिगमण्डल**हरू बनाउने परम्परा पनि रहेको छ । यिनीहरू मध्ये **यन्त्रलाई** चित्र वा अक्षर स्वरूपमा बनाई देवी देवताको प्रतिकको रूपमा लिईन्छ र यो तान्त्रिक पूजा पद्दतिको एउटा वस्तु हो (प्रपन्नाचार्य, वि.सं.२०७५ पृ २९९) । विषेश गरेर

नवग्रहहरूलाई चतुष्कोणमा रेखाङ्कन गरी कोठा निर्माण गरेर प्रत्येक कोठामा अक्षर स्वरूपमा यन्त्र वनाईन्छ । त्यसैगरी **योगिनी** (योगाभ्यास गर्ने स्त्री) **चक्र**मा योगिनीहरूको उपस्थिति रहेको हुन्छ । यिनीहरू तान्त्रिक र शिवका शक्ति वा महाविद्या गरी २ प्रकारका हुन्छन् र भगवतीका हजारौं साथीहरू मध्ये योगिनी पनि मानिन्छन् । यिनीहरूले शक्तिपीठहरूलाई घेरेर राखेको हुन्छ। **मण्डल** भन्नाले चाहीं गोलाकार या कोणाकार चक्रलाई बुझिन्छ। देवीहरूलाई निमन्त्रणा गर्न मण्डल वनाउने र पूजा गर्ने परम्परा पनि रहेको छ । त्यसैगरी विविध दिशाहरूको समूहलाई **दिगमण्डल** भनिन्छ, यो चार, आठ, दश दिशाहरूको सामुहिक स्वरूप हो र देवीहरूले दिगमण्डलमा रहेर चराचर जगत, पीठहरू लगायत देवस्थलहरूको संरक्षण प्रदान गर्ने मान्यता रहेको छ । यसप्रकार **योगिनी चक्र, मण्डल** र **दिगमण्डल**हरूको पनि रेखाङ्कन गरेर यन्त्रकै रूपमा निर्माण गरिने गरिएको पाइन्छ ।

## अनुसन्धानका समस्या

यन्त्र र श्रीयन्त्र सम्बन्धी सामान्य अध्ययन भएको भएतापनि यन्त्र संस्कृति र पशुपतिक्षेत्रस्थित यन्त्र र श्रीयन्त्र सम्बन्धी विस्तृत अध्ययन हुनसकेको छैन ।

## अनुसन्धानको उद्देश्य

प्रस्तुत अनुसन्धान यन्त्र संस्कृति र पशुपतिक्षेत्रस्थित श्रीयन्त्र सम्बन्धी विविध तथ्यहरूबारे जानकारी गराउने उद्देश्यले तयार गरिएको हो । यही क्रममा यन्त्र र श्रीयन्त्रबारे जानकारी गराउँदै यिनीहरूको विविध पक्षको विस्तृत अध्ययन गरिएको छ ।

## अनुसन्धान विधि

यो अनुसन्धान गुणात्मक शोध पद्धतिमा अनुवन्धित रहेको छ । सूचना प्राप्तिका लागि यहाँ प्राथमिक र द्वितीयक दुवै प्रकारका तथ्याङ्कहरूको विश्लेषण गरिएको छ । प्राथमिक तथ्याङ्क प्रत्यक्ष अवलोकन, जानकार, दर्शनार्थी, भक्तजनसँग अन्तर्वार्ता, फोटोग्राफीबाट र भने द्वितीयक तथ्याङ्क पूर्वसाहित्य समीक्षाबाट सङ्कलन गरिएका छन् ।

## मूख्यप्राप्ति

विविध देवदेवीका अनेक प्रकारका यन्त्रहरू विभिन्न वस्तु र विधिबाट निर्माण भएका हुन्छन् । यिनीहरूबाट प्राप्तहुने फल पनि अलग-अलग रहेको हुन्छ । यन्त्रहरूको राजा मानिएको श्रीयन्त्रको स्वरूप, अरूभन्दा विषेश पाइन्छ । यहाँ यन्त्र, यन्त्र निर्माणका वस्तु र विधि, यन्त्रबाट प्राप्तहुने फल, श्रीयन्त्र बन्दना श्लोक, श्रीयन्त्रको स्वरूप, पशुपतीक्षेत्रमा यन्त्र र श्रीयन्त्रको उपस्थितिका बारेमा विस्तृत रूपमा छलफल गरिएको छ ।

## यन्त्र, यन्त्र निर्माणका वस्तु र बनाउने पद्धति

### यन्त्र

ऋषि भारद्वाजका अनुसार- चक्र, दण्ड, आरा जस्तो दाँत भएको सर्किने, घुम्ने, वरतिर परतिर, तलमाथि आदिद्वारा जुन शक्तिको बर्द्धन र सञ्चालन हुन्छ त्यसलाई 'यन्त्र' भनिन्छ (प्रपन्नाचार्य, वि.सं. २०७५, पृ. २२९)। तान्त्रिक अवधारणामा मानव शरीरलाई नै सबैभन्दा श्रेष्ठ यन्त्र मानिन्छ। शरीरमा सबै किसिमका शक्तिको निवास हुने भएकाले पनि यसलाई अद्वितीय यन्त्र मानिएको हो (थापा, वि.सं. २०७३, पृ. १४६)। यहाँ शरीरको व्यवहारलाई तन्त्र र शरीरमा बसेर पलाउने विचारलाई मन्त्र मान्दै शरीरलाई एक यन्त्रका रूपमा लिइएको हो। कुलार्णवतन्त्र अनुसार काम, क्रोध, लोभ, मोह, मद आदिबाट उत्पन्न भएका दोष नियन्त्रण गर्ने वस्तुलाई यन्त्र भनिन्छ र यन्त्रमा पूजा गर्नाले देवता पनि खुसी हुन्छन् भनिएको पाइन्छ (उही)। विशेष गरेर तान्त्रिक देवीदेवतालाई यन्त्ररूपमा पूजा गरिन्छ र यन्त्रलाई पूजनको विशेष आधार वा अधिष्ठान मानिन्छ। प्रत्येक देवी-देवताका अलग-अलग यन्त्र हुन्छन् र एउटै देवताका पनि ध्यान र मन्त्र भेदका कारण यन्त्र भिन्न-भिन्न हुन्छन्। यस्ता यन्त्रहरू निम्नरेखा भएका, ऊर्ध्वरेखावाला, सतह भन्दा उठाएर वनाएका विविध किसिमका हुन्छन् र यिनलाई धारण, ग्रहण र पूजन गरिन्छ। यसप्रकार यन्त्रलाई आफूले धारण गर्ने, ग्रहण गरेर आफ्नो वासस्थानमा राख्ने, देवालयमा स्थापना गरेर पूज्ने, जस्ता कार्यहरू गरिन्छ। यी कार्य सम्पन्न गर्दा शास्त्रीय विधि वा आ-आफ्ना परम्परा अनुसार गर्ने गरिन्छ।

यन्त्र र मूर्ति दुवैलाई कतै-कतैसँगै स्थापना गर्ने पनि गरिन्छ। पशुपतिक्षेत्रमा राजराजेश्वरी/नवदुर्गा, मृगस्थलीको विश्वरूपामा मूर्तिसाथै यन्त्र पनि रहेको छ। यहाँ पूजारीले यन्त्रमा पूजा गर्दछन्।

तन्त्रशास्त्रमा मन्त्र, तन्त्र र यन्त्रको सम्बन्ध अन्योन्याश्रित रहनुका साथै सर्वप्रथम मन्त्र, त्यसपछि तन्त्र र अन्त्यमा यन्त्रको स्थान आउँछ। यहाँ मन्त्र मनमामात्र उच्चारण गर्ने व्यक्त गर्न नहुने, तन्त्र मनभित्रको मन्त्रलाई तन (शरीर)को माध्यमले बाहिर प्रस्तुत गर्ने र यन्त्र वाहिर ल्याएको मन्त्रलाई राख्ने स्थान हो। मन्त्र, तन्त्र र यन्त्रको उचित संयोग भयो भने आफुले गरेको साधना पूर्ण सफल हुने मानिन्छ। वास्तवमा यन्त्र एक प्रयोगशाला जस्तै हो जहाँ देवताहरू अधिष्ठित हुन्छन्। शास्त्रहरूमा शरीर र आत्मा अभिन्न भएजस्तै यन्त्र र देवता पनि अभिन्न छन् र यन्त्र मन्त्रमय हुन्छ र मन्त्र देवतास्वरूप हुन्छ भन्ने अवधारणा रहेको पाइन्छ। विविध यन्त्रहरू मध्ये श्रीयन्त्र पनि एक हो जसलाई श्रीचक्र, श्रीविद्या र यन्त्रराज पनि भनिन्छ र यस यन्त्रमा त्रिपुरासुन्दरीको उपासना गरिन्छ।

### यन्त्र निर्माणका वस्तु र बनाउने पद्धति

यन्त्र विविध वस्तुहरूबाट निर्माण गरिएको हुन्छ र निर्माणका पद्धतिहरू पनि अलग-अलग रहेका छन्। अनुष्ठानको लक्ष, सम्प्रदाय, देवता अनुसार यन्त्र बेग्लाबेग्लै बनाइन्छ। दक्षिणमार्गमा आठ किसिमका चन्दन लगाएर यन्त्रको निर्माण गरिन्छ भने वाममार्गमा रक्त चन्दन लगाएर निर्माण गरिन्छ (थापा, वि.सं २०७३, पृ.१४८)।

यन्त्र विविध पदार्थहरूबाट निर्माण गरिने भएतापनि मुख्यतः सुन, चाँदी, मणि, तामा, स्फटिक, शालग्रामको शिलाबाट निर्माण गर्ने प्रचलन रहेको छ। यी वस्तुहरूको अभाव भएमा अपराजिता पुष्प, जपापुष्प, रातो करवीर अथवा द्रोणपुष्प आदिका पनि यन्त्र बनाउन सकिन्छ र यिनको पनि अभावमा तीर्थ, खोलानाला, कुवाको शुद्ध जल आदिमा, त्यो पनि उपलब्ध हुन नसकेमा शुद्ध स्थल हेरेर पृथ्वीमा यन्त्रको कल्पना गरी देवपूजन गर्न सकिन्छ (भट्ट, वि.सं.२०६२ पृ.७५)। यन्त्र ढलोट, साधाशिला, चन्दन, सिन्दूर, चामलको पीठो आदिबाट समेत निर्माण गरिन्छ। शास्त्रीय निर्देशन बाहेक आ-आफ्नो कुल परम्परा, गुरूको सल्लाहलाई मुख्य आधार मानेर पनि यन्त्रको निर्माण गरिन्छ। यन्त्रलाई अनारको छेस्काको कलम बनाई अष्टगंधमार्फत भोजपत्रमा लेखेर तावीज (जन्तर)मा धारण गर्ने परम्परा पनि रहेको छ (प्रत्यक्ष अवलोकन)। विषेशगरी बाह्र राशिका मन्त्रसहितको यन्त्र धारण गर्नका निम्ति यो पद्धति प्रयोग गरिन्छ। यन्त्रको केन्द्रमा मूल देवता र वरिपरि आवरण देवताहरूको पूजन गरिन्छ। यन्त्र निर्माण गर्दा ज्यामीतीय आधारमा सीधारेखा तान्नु पर्दछ। बाङ्गा-टिङ्गा, टेढा-मेढा रेखा भएमा अनिष्ट हुने मानिन्छ।

### यन्त्रबाट प्राप्तहुने फल

मनका अनेक कामनाहरू पूरागर्नका लागि यन्त्रहरूको धारण र पूजन गरिन्छ। विषेशरूपमा अभिचार कर्म (मारण, मोहन, वशीकरण, उच्चाटन, विद्वेषण, आकर्षण, स्तम्भन आदि) सफलगर्न लगायत रोग-व्याधि, डर-त्राश हटाउन, भूत, प्रेत, पीशाच आदिको बाधाबाट छुटकारा पाउन, सर्प, जनावर आदिको प्रकोपबाट बच्न साथै मोक्ष प्राप्तिको कामनाले यन्त्र ग्रहण, पूजन र धारण गरिन्छ (थापा, वि.सं २०७३, पृ.१४८)। शास्त्रहरूमा विधिपूर्वक सयवटा यज्ञ सम्पन्न गर्दा जुन फलको प्राप्ति हुन्छ त्यती नै फल केवल श्रीचक्रको दर्शनले मात्र पनि प्राप्त हुनसक्ने बताइएको छ। त्यसैगरी मानव शरीरले जन्मदै आफुमा धारण गरेको काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य जस्ता षटरीपुहरूका कारणले दु:खको जन्म हुन्छ र यिनै दु:ख निवारणकालागि यन्त्र पूजन गर्ने गरिएको चर्चा त्यहाँ पाइन्छ। यन्त्र स्वरूप देवताको पूजनले देवता तुरून्त खुसीहुने मानिन्छ। यसका लागि अत्यन्त सावधानीका साथ संस्कार गरेको यन्त्रमात्र प्रयोग गर्नु पर्दछ। टुटेफुटेको, चोईटिएको, डढेको, खुट्टाले, अयोग्य पशुले छोएको, अशुद्ध स्थानमा झरेको, अर्कै देवताका मन्त्रले पूजिसकेको यन्त्रहरूमा पूजागर्न निषेध मानिन्छ। यन्त्र राख्दा विषेश सावधानी अपनाउन पर्दछ जसमा कपडा, शीशा, फलाम, फल्याक, भित्ता जस्ता स्थानमा राख्न अयोग्य मानिन्छ र यसो गरेमा अनिष्ट हुनुका साथै धन, कुल, सन्तान समेत निर्मूल हुनसक्ने अवधारण रहेको पाइन्छ। विभिन्न वस्तुहरूबाट निर्मित यन्त्रहरूको पूजनबाट अलग-अलग फल प्राप्ति हुने शास्त्रीय विधान रहेको छ जुन निम्नानुसार छन्:

मणियन्त्र पूजनबाट शत्रु विनाश हुने र अगणित फलको प्राप्ति हुने।
सुवर्णयन्त्र पूजनबाट वशिकरण गर्न सकिने र अनन्त फलको प्राप्ति हुने ।
चाँदीयन्त्र पूजनबाट दीर्घायु, आरोग्य रहने र करोड गुणा फलको प्राप्ति हुने ।
तामायन्त्र पूजनबाट ऐश्वर्य प्राप्ति र लाख गुणा फलको प्राप्ति हुने।
स्फटिकको यन्त्र पूजनबाट ईच्छित र अनन्त फलको प्राप्ति हुने।
पवित्र भूमिमा सिन्दूरको यन्त्र बनाई पूजन गर्नाले सम्पूर्ण मनोकामना पूर्ति हुने (उही पृ १४७)।

सौभाग्य प्राप्ति र अभिष्टसिद्धिका लागि भने मिश्रित धातुबाट निर्मित यन्त्र उत्कृष्ट मानिन्छ जसमा दशभाग सुन, सोह्रभाग चाँदी, बाह्रभाग तामा मिसाएर बनाएको लोहयन्त्र पर्दछ । विधिपूर्वक निर्माण र प्रयोग गरिएको यन्त्रको ग्रहण, पूजन र धारण गर्नाले मोक्ष र भोग दुवैको प्राप्ति हुने शास्त्रीय मान्यता रहेको छ ।

## श्रीयन्त्र

यन्त्रहरूको राजा मानिएको श्रीयन्त्रलाई श्रीचक्र, श्रीविद्या र यन्त्रराज पनि भनिन्छ र यस यन्त्रमा त्रिपुरासुन्दरीको उपासना गरिन्छ अर्थात् त्रिपुरासुन्दरीको उपासना हुने आधार श्रीयन्त्र हो । शास्त्रहरूमा महादेवले पार्वतीलाई प्रेमपूर्वक 'काली' भनेर संवोधन गर्नेगरेको तर पार्वतीलाई यो संवोधनमा परिवर्तन गर्ने इच्छा भएकाले उनले ब्रम्हाको कठोर साधना गरेर ब्रम्हाबाट बरदान पाई गौरीको रूप धारण गरेर त्रिपुरभरि कै सुन्दरी त्रिपुरासुन्दरी बनी महादेवको हृदयमा वासगरेको चर्चा पाइन्छ । यसप्रकार पार्वतीले परमसुन्दरीको रूपधारण गरेको स्वरूप नै देवी त्रिपुरासुन्दरी हुन् । अर्कोतर्फ दश महाविद्याहरू (काली, तारा, षोडशी, भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, धूमावती, बगला, मातङ्गी, कमला) मध्ये तेश्रो महाविद्या षोडशी नै त्रिपुरासुन्दरी हुन् र यिनैलाई ललिता, त्रिपुरा, ललितत्रिपुरासुन्दरी पनि भनिन्छ ।

श्रीयन्त्रका बाह्रवटा प्रमुख भेदहरू रहेका छन् ती हुन्: शक्तिशिवाविद्या, लोपामुद्राविद्या, क्रोधमुनिविद्या, मानवीविद्या, चान्द्रीविद्या, कौवेरीविद्या, अगस्त्यमुनिविद्या, नन्दीविद्या, प्रभाकरीविद्या, षड्मुखीविद्या, परमशिवाविद्या र वैष्णवीविद्या (भट्ट, वि.सं.२०६२, पृ.१२६) । यिनीहरू सबैको यन्त्र स्वरूप, साधना पद्धति बेग्ला-बेग्लै रहेका छन् । प्राचीनकालमा तान्त्रिक साधनामा लागेकी अगस्त्य ऋषिकी पत्नी लोपामुद्राले श्रीविद्याको उपासना परम्परामा नयाँ सम्प्रदाय नै स्थापना गरेकी थिईन् र उनले स्थापना गरेको यो सम्प्रदायलाई लोपामुद्राविद्या भनिन्छ (उही) । यो विद्या विशेष लोकपृय पनि रहेको पाइन्छ । **श्रीयन्त्रको स्वरूप**

श्रीविद्या/षोडशी/त्रिपुरासुन्दरी वास्तवमा अरूपा भएर पनि साधकका हितका लागि तीन रूपमा प्रस्तुत गरिन्छ -मन्त्रात्मक, यन्त्रात्मक र विग्रहात्मक । मन्त्रात्मक रूप परमगुह्य (गोप्य) हुन्छ अर्थात् यो रूपको कुनै वस्तु हुँदैन, यन्त्रात्मक रूप श्रीयन्त्र/श्रीचक्र हो र विग्रहात्मक रूप मानव स्वरूपमा निर्माण गरिन्छ । श्रीयन्त्र सर्वदेवमय छ, जसमा सबै देवताहरूको निवास भएको मानिन्छ । श्रीयन्त्रको केन्द्रमा बिन्दु, त्यसबाहिर त्रिकोण, अनि अष्टकोण, त्यसबाहिर दुईवटा दशकोण, त्यसबाहिर चौधकोण, त्यसबाहिर अष्टदल कमल, अनि सोह्रदल कमल, त्यसबाहिर तीन वृत्त (घेरा) पछि तीन भूपुर हुन्छन् (उपाध्याय भट्ट, वि.सं. २०६२, पृ. १४९) (चित्र नं.१,२) ।

शिवलिङ्ग र पिठीका लिङ्ग र योनीको संयुक्त स्वरूप भएजस्तै श्रीयन्त्रपनि तान्त्रिक पद्धतिको त्यस्तै प्रतीक हो । श्रीयन्त्रका नौवटा त्रिकोण पनि लिङ्ग र योनीका प्रतीक हुन् जसमा तलबाट माथि फर्किएको चारवटा त्रिकोण लिङ्ग र तलतिर फर्केको पाँचवटा त्रिकोण योनीका प्रतीक हुन् । यसप्रकार नौवटा त्रिकोण मिलेर बनेको श्रीयन्त्रलाई शिवशक्त्यात्मक यन्त्र, यन्त्रराज वा चक्रराज पनि भनिन्छ । कामकला विलास नामक पुस्तकमा यी नौवटा त्रिकोण/चक्रका ईश्वरीहरूका नाम यसप्रकार उल्लेखित छन्- त्रिपुरा, त्रिपुरेश्वरी, त्रिपुरसुन्दरी, त्रिपुरावासिनी, त्रिपुराश्री, त्रिपुरमालिनी, त्रिपुरासिद्धा, त्रिपुराम्बिका र महात्रिपुरसुन्दरी (उही पृ ५१) । वास्तवमा

श्रीयन्त्र महात्रिपुरसुन्दरी कै स्वरूप हो । जव परमा शक्ति आफ्नै इच्छाले विश्वस्वरूपा भएर आफ्नै स्फुरण सर्वत्र देख्न थाल्छिन् अनि श्रीचक्रको उदय हुने उल्लेख शास्त्रमा गरिएको छ ।

लिङ्ग र योनीको संयोगबाट सृष्टि अघि बढ्ने धारणा शैव र शाक्त दर्शनको मूलमर्म हो र यसै अवधारणामा श्रीयन्त्र निर्माण भएको हो । श्रीयन्त्रमा रहेका विन्दू र त्रिकोणले काम-कलाको प्रतिनिधित्व गरेको हुन्छ । यो एक शिवशक्तिमिथुन पिण्ड  हो र यसै भित्र भुमण्डल पनि रहेको कुरा शास्त्रमा चर्चा गर्दै यो दिव्य र सर्वदेवता वास गरेको चक्रमा संसारमा रहेका हरेक वस्तु निहित हुनुका साथै मानव शरीरका सम्पूर्ण चक्र पनि यही चक्र भित्र रहेको मान्यता पाइन्छ ।

श्रीयन्त्रमा तान्त्रिक बिधिले सृष्टि, स्थिति, संहार, अनाख्या (निग्रह) र भाषा (अनुग्रह) को पूजा हुन्छ । साधारणतया यो यन्त्र दश आबरणको हुन्छ । प्रत्येक आवरणमा अलग-अलग देवीदेवताहरूको वास हुन्छ र आवरणै पिच्छे पूजा गरिन्छ । ती दश आवरण माथिबाट तल यसप्रकारका हुन्छन्:

१) विन्दु  २) त्रिकोण ३) अष्टकोण ४) अन्तर दशार (भित्री)  ५) वहिर दशार (वाहिरी) ६) चतुर्दश कोण ७) नागदल (अष्ठदल)  ८) शोडषकोण  ९) वृत्तत्रयं (तीनवटागोल)  १०) तीनवटा भूपूर (पौडेल, वि.सं. २०७७, पृ. ३०) । यी दश आवरण मध्ये प्रथम आवरणमा चार्वाक दर्शन, द्वितीयमा जितेन्द्रीय दर्शन, तृतीयमा बौद्ध दर्शन, चतुर्थमा गाणपत्य दर्शन, पाँचौंमा न्याय-मीमांसा-वैशेषिक-पाताञ्जल-सांख्य-वेदान्त षड्दर्शन, छैटौंमा वैदिकदर्शन, सातौंमा सौरदर्शन, आठौंमा वैष्णवदर्शन, नवौंमा शाक्तदर्शन, दशौंमा शैवदर्शनको पूजा गरिन्छ (उही) । यसप्रकार दशै आवरणमा बेग्ला-बेग्लै विभिन्न देवीदेवताहरूको निवास हुने भएकाले नै श्रीयन्त्रलाई सर्वदेवमय मानिन्छ । यति मात्र नभै श्रीयन्त्रलाई शतरुद्रीका अवसरमा जलहरीको पानी खस्ने ठाउँमा थालीमाथि राखेर समेत पूजा गरिन्छ (आचार्य, वि.सं. २०४५ पृ १५९) । जसलेगर्दा शिवजीलाई जलधारा अर्पण गर्दा शक्तिस्वरूपा श्रीयन्त्रको पनि सँगसँगै पुजा भइरहेको हुन्छ ।

## महात्रिपुरासुन्दरीको विग्रह स्वरूप

परातन्त्रअनुसार महात्रिपुरासुन्दरीको मूर्तस्वरूप भने यसप्रकार बताईएको छ :

कमलको पराग झै वर्ण भएकी । कुङ्कुमजलको झै कान्ति भएकी, सुन्दर भृकुटी, त्रिनेत्र, स्तन र त्यस्तै हाँसो भएकी, पातलो कम्मर भएकी, चारवाहुहरूमा पाश, अंकुस, उखुको धनु र पाँचवटा वाँण धारण गरेकी, शिरमा अर्धचन्द्र धारण गरी सम्पूर्ण गहनाले सजिएकी, मनलाई आनन्दित तुल्याउने स्वरूपकी तथा ब्रम्हा, विष्णु, रुद्र, ईश्वर र सदाशिवरूपी पञ्चप्रेतको मण्डपमा बसेकी हुन्छिन् (लामिछाने, वि.सं. २०७७, पृ. १२) । शास्त्रहरूमा उनलाई उदाउनलागेको सूर्यको जस्तो कान्ती भएकी, त्रि-नेत्रा, शरीरमा रातो वस्त्र, शिरमा अर्धचन्द्र धारण गरेकी, चारवाहु भएकी, भक्तलाई वरदान दिन तत्पर रहेकी, रातो कमलको आसनमा वसेकी, वाहुहरूले पुस्तक, अक्षमाला, वरदमुद्रा धारण गरेको स्वरूपमा चर्चा गरिएको छ । यहाँ रातो वस्त्र सौभाग्य सूचक, अर्धचन्द्र अमृतवर्षिणी स्वरूपा, त्रि-नेत्र कामकलाको, रातो कमलको आसन पूर्ण ब्रह्माण्डको प्रतीक र उनले वाहुहरूमा धारण गरेको पुस्तक ज्ञानको, अक्षमाला सम्पूर्ण मातृत्व भावको, वरदमुद्रा कामनासिद्धिको प्रतीक मानिन्छ (उपाध्याय भट्ट, वि.सं. २०६२, पृ. १४८- १४९) । शास्त्रहरूमा उनलाई पञ्चप्रेत, कमलआदिको

आसनमा बसेकी, वाहुहरूमा फूलको धनुष, बाण, लगाायत पाश, अंकुशआदि पनि धारण गरेकी, कामदेवलाई पनि जित्ने कामेश्वरी, सुवर्ण जस्तो वर्ण भएकी, परम सुन्दरी मुस्कुराई रहेकी, दिव्यरत्नका आभूषण पहिरिएकी युवती स्वरूपकी हुने वताईएको पाइन्छ (उही पृ १४९) । पशुपतिनाथको शिवलिङ्गमा भने महात्रिपुरासुन्दरीलाई नित्य यन्त्ररूपमा निर्माणगरी पूजा गरिन्छ ।

**श्रीयन्त्र बन्दना श्लोक**

वन्दे मातरमम्बिकां भगवतीं वाणीरमासेविताम्
कल्याणीं कमनीयकल्पलतिकां कैवल्यनाथप्रियाम् ।
वेदान्तप्रतिपाद्यमानविभवां  विद्वन्मनोरञ्जनीं
श्रीचक्रांकितरत्नपीठनिलयां  श्रीराजराजेश्वरीम् ॥ (लामिछाने, वि.सं. २०७५, पृ ३१)

भावार्थ- लक्ष्मी तथा सरस्वतीद्वारा सेवा गरिएकी, कल्याण गर्ने, अत्यन्त सुन्दर कल्पबृक्ष जस्तो स्वरूपलेयुक्त, कैवल्यनाथ परम प्रभुकी प्रिया, वेदान्तशास्त्रले प्रतिपादन गरेको स्वरूप भएकी, विद्वानहरूको मनलाई आनन्द प्रदान गर्ने, श्रीचक्र अंकित रत्नपीठलाई आफ्नो निवास बनाएकी श्रीराजराजेश्वरी भगवतीलाई म वन्दना गर्दछु । यो मात्र नभइ उनलाई बन्दना गरिएका हजारौं श्लोकहरू रहेका छन् ।

## पशुपतीक्षेत्रमा श्रीयन्त्रको उपस्थिति

पशुपतिक्षेत्रमा श्रीयन्त्र लगायत अन्य यन्त्रहरू पनि प्रशस्त रहेका छन् । यहाँ श्रीयन्त्र पशुपतिनाथको ईशान भागमा, जमिनमा, मन्दिरको गजुरमा, देवता माथि टाँगिएको चँदुवा आदिमा रहेका पाइन्छन् । पशुपति पीठ शिवशक्त्यात्मक श्रीविद्यापीठ हो (जबरा, वि.सं. २०३६, पृ. ११२) । यहाँ पशुपतिनाथको शिवलिङ्गमा शिव र शक्ति दुवैको संयुक्त उपस्थिति रहेको पाइन्छ । यही कारणले यहाँ शिव पुजनमा शक्तिको प्रतिक श्रीयन्त्रलाई मुख्य पुजास्थल वनाइएको छ ।

पशुपतिनाथका षड्वक्त्रहरूमध्ये कामेश्वरस्वरूप उर्ध्ववक्त्र आफ्नी अभिन्न शक्ति कामेश्वरीलाई उपदेश गरेको विद्या उर्ध्वाम्नायसँग सम्वद्ध छ । दिव्याचार पद्धतिबाट उपासना गरिने उर्ध्वाम्नायकी नायिका महात्रिपुरासुन्दरी अर्थात् राजराजेश्वरी हुन् र पशुपतिनाथको उर्ध्वाम्नाय ईशान भागमा नित्यपूजा क्रममा निर्माण गरिएको श्रीयन्त्र यिनै महात्रिपुरासुन्दरीको प्रतिक हो । यहाँ निर्मित श्रीयन्त्रमा केरल पद्धतिले हयग्रीव मतअनुसार कामेश्वररूप श्रीपशुपतिनाथ र उनको अभिन्न शक्ति कामेश्वरी अर्थात् आनन्दभैरव स्वरूपका शिव र आनन्दभैरवी स्वरूपकी शक्तिको सामरस्य पूजा गरिन्छ (ज.ब.रा., वि.सं. २०३६, पृ ११२) ।

पशुपतिक्षेत्रमा प्राप्त श्रीयन्त्रहरू यसप्रकार रहेका छन् :

क) पशुपतीनाथको ऊर्ध्ववक्त्र (ईशानमुख)लाई ज्योतिर्मय, श्रीयन्त्रअङ्कित मुख मानिन्छ र यो ईशान मुखमा मूलभट्टले प्रत्येक दिन श्रीखण्ड लेपको कुशको जराद्वारा श्रीयन्त्र बनाउने गर्दछन् । यो यन्त्रको बिन्दुचक्रलाई ऊर्ध्वमुख मानेर परब्रह्मात्मक ईशान उर्ध्वाम्नाय तत्वको कल्पना हुन्छ र पशुपतिनाथ र श्रीविद्यालाई एकै मानेर सँगसँगै नित्य पूजा गरिन्छ (ज.ब.रा., वि.सं. २०३६, पृ ११२) । यस श्रीयन्त्रमा श्री १०८ शंकराचार्यले राखेको नियम अनुसार श्रीयन्त्रको केरल संप्रदायबाट सपर्या (पूजा) हुन्छ । नेपालका उपासकहरू  गौड

सम्प्रदायी हुनाले यहाँ भारतीय केरल सम्प्रदायी दक्षिणी भट्टहरूलाई पुजारी वनाउने परम्परा रहेको हो (उही) । पशुपतिनाथमा मध्यान्नकालमा श्रीयन्त्रको पूजाक्रम सुरू हुन्छ र करीव एकघण्टासम्म यो पूजा जारी रहन्छ ।

ख) शङ्कराचार्य मन्दिरभित्र प्रतापेश्वर शिवलिङ्गको अगाडि तलतिर लगभग तीन फिट अग्लो श्रीयन्त्रको शिलाखण्ड रहेको छ (चित्र नं. ४) ।

ग) वागमती नदीको पश्चिमी तटमा रहेको वि.सं. १९०५ मा निर्माण गरिएको गङ्गामाईको लघुमन्दिरको गजुर स्थानमा श्रीयन्त्र निर्माण गरिएको छ र मन्दिर भित्र भने गङ्गामाईको मूर्ति रहेको छ । यो श्रीयन्त्र पशुपति क्षेत्रकै एक महत्त्वपूर्ण निधि हो (चित्र नं.३) । करीव २ फिट अग्लो, शिलाखण्डबाट निर्मित यस यन्त्रलाई धातुको पाताले मोरिएको छ । पशुपतिनाथको दर्शन गर्न आउने अधिकांश भक्तजनहरूले मुक्तिमण्डप परिक्रमा गर्ने क्रममा वागमती नदीतर्फ फर्किएर यो श्रीयन्त्रमा सिक्का चढाउने क्रममा चोट लाग्नाले केही हानी पुगेको देखिन्छ (प्रत्यक्ष अवलोकन) ।

घ) गुह्येश्वरी पीठको गर्भगृहको एक छेउमा फटिकको श्री यन्त्रको बिर्को भएको कलश र गुह्येश्वरीदेवीलाई विभिन्न भक्तहरूले चढाएका पूजाका सामग्रीहरू र अरू बहुमूल्य वस्तुहरूमध्ये आधा दर्जन जति कलशहरूको बिर्कोमा श्रीयन्त्र रेखाङ्कन गरेको पाइयो (गुह्येश्वरी मन्दिरका पुजारी विष्णुभक्त कर्माचार्यको सौजन्यमा (प्रत्यक्ष अवलोकन २०७७/३/३०) ।

ङ) राजराजेश्वरी मन्दिरको गर्भगृहभित्र नवदुर्गाका मूर्तिहरू अगाडि भुइँमा 'श्रीबिद्या महात्रिपुरसुन्दरीको यन्त्र' रहेको छ (प्रत्यक्ष अवलोकन) । राजराजेश्वरी मन्दिरमा पुजारीले यही यन्त्रमा पूजा गर्दछन् (चित्र नं. ६) ।

च) मृगस्थली जङ्गलमा रहेको विश्वरूप मन्दिरको गर्भगृहमा विश्वरूपको मूर्ति अगाडि तर्फ श्रीयन्त्र रहेको छ (प्रत्यक्ष अवलोकन) ।

छ) प्रत्येक पूर्णिमामा पशुपतिनाथलाई महास्नान/महावलीको क्रममा ६ मुरी, ६ पाथी, ६ माना, ६ मुठी चामल (पशुपति गुठी गोश्वाराले यसको प्रवन्ध गर्दछ) र भक्तहरूले आफ्नो तर्फबाट मिसाउन ल्याएको चामल गरेर लगभग ७ मुरी जति चामलको भातको महाभोगमा चढाइन्छ । यो भातको रास पशुपतिनाथको दक्षिणी ढोका अगाडि चतुष्कोणकार आधारमा पीरामीड स्वरूपमा ४ पाटा गरेर निर्माण गरिन्छ । यसप्रकार निर्मित भुजा ( भात)को रासको उत्तरतर्फ त्रिशूल, दक्षिणतर्फ खड्ग, पूर्वतर्फ कमल र पश्चिमतर्फ श्रीयन्त्रको चिन्ह बनाइन्छ र यहाँ निर्मित श्रीयन्त्र लगायत त्रिशूल, खड्ग र कमलको पनि पूजा गरिन्छ (प्रत्यक्ष अवलोकन) ।

महास्नान कै अवसरमा पशुपतिमन्दिरको दक्षिणी ढोकातर्फको सिँढीमाथि पेटीमा मूलभट्टले गोबरले लिपेर यसमाथि चन्दनको श्रीयन्त्र निर्माण गर्दछन् र यसैको आसन बनाएर त्रिखुट्टी उभ्याऊँछन् र त्यहाँ अर्घौतोमा अर्घ राखेर विभिन्न मुद्रा प्रदर्शनसहित तान्त्रिक विधिले पूजा गर्दछन् (प्रत्यक्ष अवलोकन) ।

ज) पशुपतिनाथको  शिवलिफ्माथि एक ठूलो चाक्लो यन्त्राकार स्वरूप तोरणको रूपमा टाँगिएको छ (पौडेल, वि.सं. २०७७ पृ. ३०) ।

झ) गुह्येश्वरी पीठको गर्भगृहमा देवीको रूपमा प्रयोग गरिने कलशहरूका विर्कोमा श्रीयन्त्र निर्माण गरिएको पाइन्छ । यी बाहेक गुह्येश्वरीदेवीलाई बिभिन्न भक्तहरूले चढाएका पूजाका सामग्रीहरू र अरु वहुमूल्य वस्तुहरू मध्ये आधा दर्जन जति कलशहरूको विर्कोमा श्रीयन्त्र रेखाङ्कन गरेको पाईयो (गुह्येश्वरी मन्दिरका पुजारी विष्णुभक्त कर्माचार्यको सौजन्यमा प्रत्यक्ष अवलोकन वि.सं. २०७७) ।

ञ) गुह्येश्वरी मन्दिर भित्र दुर्गा, मातृकाहरू, मनसदेवी, गणेश, भैरव आदि अङ्गदेवताहरू सँगै श्रीयन्त्र पनि स्थापना गरिएको छ (कोईराला, वि.सं. २०५१ पृ ४७२) । यसबाट गुह्येश्वरीको गर्भगृह वरिपरि रहेका विविध देवीदेवताहरूसँगै श्रीयन्त्र पनि रहेको पाइन्छ ।

## पशुपतीक्षेत्रस्थित अन्य यन्त्रहरू

### क) वत्सलेश्वरी देवीको यन्त्र

पशुपतिक्षेत्रमा वागमतीको पश्चिमी तटमा आर्यघाट र भश्मेश्वरघाटका विचमा तलेशैलीको २ छाने वत्सलेश्वरी देवीको आकर्षक मन्दिर रहेको छ । वत्सलेश्वरी पार्वती कै एक स्वरूप हो । यिनलाई निराकार, यन्त्राकार, कलशाकार र मानव आकृति जस्ता विविध स्वरूपमा पूजा गरिन्छ । त्यसमध्ये यहाँ देवीलाई यन्त्राकार स्वरूपमा स्थापना गरिएको छ । चतुष्कोणाकार स्वरूपको तह-तह परेको ६ तहको, केन्द्रभागमा गोलाकार पद्मपत्र भएको करीव तीन फिट अग्लो तलबाट माथि केही साँघुरिदै गएको स्वरूपमा यो यन्त्र रहेको छ (चित्र नं.५) । केन्द्रभागको गोलाकार पद्मपत्रभागमा देवीको पूजा गरिन्छ । यसरी पशुपतिक्षेत्रमा देवी स्वरूपा यन्त्रको छुट्टै मन्दिर बनाएर स्थापना गरिएको केवल यो मात्र मन्दिर हो ।

### ख) कुमारीको यन्त्र

उन्मत्तभैरव मन्दिर भित्र उन्मत्तभैरवको मूर्तिसँगै नैऋत्य दिशातर्फ रहेको कमलाकृति स्वरूपको कुमारीको यन्त्र रहेको छ । यहाँ भैरवसँगै भैरवको शक्तिको रूपमा यन्त्रस्वरूपा कुमारीको पूजा हुनेगरेको कुरा यहाँका पूजारी रवि कर्माचार्य वताउँछन् (अन्तर्वार्तामा आधारित र प्रत्यक्ष अवलोकन) ।

### ग) निर्वाणेश्वरी देवीको यन्त्र

पशुपतिक्षेत्रको नवालीटोलस्थित जयवागीश्वरी मन्दिरको उत्तरतर्फ चक्रपथ अर्थात मूल सडकसँगै पश्चिमतर्फ राजा सुरेन्द्र विक्रम शाहका भाई उपेन्द्र विक्रम शाहले वि.सं. १९१५मा स्थापना गरेका (घण्ट अभिलेखमा उल्लेखित) निर्वाणेश्वरी देवीको दुईतले सत्तल रहेको छ । सत्तलको भुईतलामा करीव चार फिट उचाईको चतुष्कोणाकार शिलाको शिर्षभागमा निर्वाणेश्वरीको यन्त्र निर्माण गरिएको छ । यो शिलाखण्डको चारपाटामा खम्वेतोरण सहितको आकर्षक गवाक्ष वनाई चार देवी देवताका प्रतिमाशास्त्रका विधान अनुसार निर्माण भएका प्रतिमाहरू कुँदिएका छन् । जसमा पूर्वतर्फ गणेश, पश्चिममा दुर्गा, उत्तरमा भैरव र दक्षिणतर्फ कुमारको प्रतिमा रहेको छ भने ईशान भागतर्फ निर्वाणेश्वरी देवीको यन्त्र कोरिएको छ (प्रत्यक्ष अवलोकन) ।

## निष्कर्ष

देवीदेवताप्रति आफ्नो श्रद्धा प्रकट गर्ने विविध वस्तुहरू मध्ये यन्त्र अत्यन्त प्राचीन समयदेखि प्रयोग हुँदै आउने क्रममा यत्रतत्र निर्माण भएको पाइन्छ । यो प्राचीन परम्परा कालान्तरमा विशेष गरेर तान्त्रिक देवीदेवताको पूजाको माध्यम बन्दै गयो । यन्त्रलाई पूजनको विशेष आधार वा अधिष्ठानको रूपमा लिने गरिन्छ । प्रत्येक देवी-देवताका अलग-अलग यन्त्र हुनका साथै एउटै देवताका पनि ध्यान र मन्त्र भेदका कारण अलग-अलग यन्त्र हुने गर्दछन् र कहीं-कहीं यन्त्र र मूर्ति दुवै सँगैपनि स्थापना गरिएको पाइन्छ । मन्त्र, तन्त्र र यन्त्रको एकअर्कामा अन्योन्याश्रित सम्बन्ध रहेको हुनाले अधिकांश यन्त्रको पूजन मन्त्रद्वारा तान्त्रिक पद्धतिले गरिन्छ । तन्त्रमा शरीर र आत्मा अभिन्न भएजस्तै यन्त्र र देवतालाई पनि  अभिन्न मानिन्छ । विविध वस्तु र विधिहरू बाट निर्माण गरिएका यन्त्रहरू मध्ये श्रीयन्त्र यन्त्रराज हो जसमा त्रिपुरासुन्दरीको उपासना गरिन्छ । पशुपतिक्षेत्रमा श्रीयन्त्र लगायत अन्य यन्त्रहरू पनि स्थापित छन् । यहाँ श्रीयन्त्र पशुपतिनाथको ईशान भागमा, जमिनमा, मन्दिरको गजुरमा, देवता माथि टाँगिएको चँदुवा आदिमा रहेका छन् । प्रत्येक दिन पशुपतिनाथको उर्ध्वभागमा (ईशान भागमा) श्रीयन्त्र निर्माण गरिने परम्परा शैव र शाक्त परम्पराको अत्यन्त उत्कृष्ठ दार्शनिक परम्परा हो जसले शिव र शक्ति अभिन्न र एकै हुन् भन्ने जनाउँदै यही एकाकार रूपको संकेत पशुपतिनाथको शिवलिङ्ग पूजनले गरेको पाइन्छ ।

## चित्रहरू




**चित्र नं. १ :** श्रीयन्त्रको चित्र



**चित्र नं. २ :** श्रीयन्त्रको चित्र
स्रोत- गुगल सर्च




**चित्र नं. ३ :** गङ्गामाई मन्दिरको गजुर स्वरूप रहेको श्रीयन्त्र, पशुपतिक्षेत्र



**चित्र नं. ४ :** शंकराचार्य मन्दिर भित्र रहेको श्रीयन्त्र, पशुपतिक्षेत्र



**चित्र नं. ५ :** यन्त्ररूपी-वत्सलेश्वरी, पशुपतिक्षेत्र



**चित्र नं. ६ :** यन्त्ररूपी-राजराजेश्वरी, पशुपतिक्षेत्र

## सन्दर्भ सामग्रीसूची


अग्रवाल, वाशुदेवशरण (१९९५), *भारतीय कला,* पृथिवी प्रकाशन ।

आचार्य, चेतोनाथ शर्मा, (वि.सं.२०४५), *हाम्रा धार्मिक चाडपर्व,* सनातन धर्म सेवा समिति ।

कोईराला, कुलचन्द (वि.सं. २०५१), *नेपालका आराध्यदेव भगवान श्री पशुपतिनाथ,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

ज.ब.रा., धनशमशेर (वि.सं.२०३६), *कामकलारहस्य,* नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

थापा, मिलनकुमार, (वि.सं २०७३), *तन्त्र-विज्ञान,* श्रीहनुमान्तन्त्र शिवशक्ति साधना तथा रिसर्च सेन्टर ।

... .. (वि.सं २०७४), *मन्त्र-विज्ञान,* श्रीहनुमान् तन्त्र शिवशक्ति साधना तथा रिसर्च सेन्टर ।

पौडेल, विदुर प्रसाद, (वि.सं २०७७), 'पशुपतिनाथको पूजा उपासनामा श्रीयन्त्र' *पाशुपत दर्पण.* पशुपतिक्षेत्र विकास कोष ।

प्रपन्नाचार्य, स्वामी, (वि.सं.२०७५), *मिल्केका झिल्का,* किरातेश्वर प्रकाशन ।

प्रभात, विष्णु (वि.सं.२०७७), "शैव दर्शन एक विमर्श" *पाशुपत दर्पण,* वर्ष १ अङ्क २, पशुपतिक्षेत्र विकास कोष ।

भट्ट, विद्यानाथ, (वि.सं.२०६२), *तन्त्रविद्यालोक,* अन्नपूर्णा उपाध्याय भट्ट ।

लामिछाने, माधवप्रसाद (सं.वि.सं २०७५), *श्रीपशुपतिदर्शन,* श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठान ।

लामिछाने, माधवप्रसाद, (वि.सं २०७७), 'षड्वक्त्र श्रीपशुपतिनाथ एवं षडाम्नायविद्या' *पाशुपत दर्पण,* वर्ष १ अङ्क २, पशुपतिक्षेत्र विकास कोष, गौशाला ।


### अन्तर्वार्ता

रवी कर्माचार्य, उन्मत्तभैरव मन्दिरका पूजारी, वर्ष ४२- मिति २०७८-१०-४